# शिवपुरी गाउँपालिका

## शेरावगर, नुवाकोट


# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः १७ | मितिः २०८०/०५/२९ |

## भाग – २

शिवपुरी गाउँपालिकामा उपाध्यक्षसँग मातृ शिशु कार्यक्रमका सम्बन्धमा व्यवस्था गर्न शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# उपाध्यक्षसँग मातृशिशु कार्यक्रम कार्यविधि (पहिलो संशोधन) ,२०८०

**प्रस्तावनाः**

शिवपुरी गाउँपालिकाको उपाध्यक्ष संग मातृशिशु कार्यक्रमको कार्यान्वयन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले शिवपुरी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०५/२९ को निर्णयले यो कायविधि जारी गरेको छ ।

**१. यस कार्यविधिको नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम **"उपाध्यक्षसँग मातृशिशु कार्यक्रम कार्यविधि (पहिलो संशोधन), २०८०"** रहेको छ ।

२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

**२. उपाध्यक्षसँग मातृशिशु कार्यक्रम कार्यविधि, २०७८ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ५ को उप दफा १** लाई संसोधन गरी

"प्रोटोकल अनुसार गर्भ जाँच गरेका प्रत्येक गर्भवती महिलाहरुलाई प्रति भेट १ क्रेक अण्डा वितरण गरिनेछ।" भन्ने बाक्यांस राखिएको छ ।

**३. मुल कार्यविधिको दफा ५ को उपदफा २** लाई संसोधन गरी

"प्रत्येक गर्भवती महिलाहरुलाई पहिलो भेटमा अनुसूची -५ बमोजिम शुभकामना तथा निमन्त्रणा पत्र र सुत्केरी आमालाई पहिलो भेटमा आफ्नो शिशुलाई खोप लगाउन खोप सेवा सम्पर्क कार्ड वितरण गरिनेछ।" भन्ने बाक्यांस राखिएको छ ।

**४. मुल कार्यविधिको दफा ५ को उपदफा ४** संसोधन गरी

“उपाध्यक्षसँग मातृशिशु कार्यक्रमको लागि आवश्यक पर्ने फर्म, फर्मेट, कार्ड, रजिष्टर आदि सामग्रीहरु छपाई एवं व्यवस्थापन गर्न सकिनेछ।” भन्ने वाक्याङ्स राखिएको छ ।

**५. मुल कार्यविधिको दफा ५ को उपदफा ६** लाई संसोधन गरी

“वितरण विधिः यस गाउँपालिका भित्रका ११ वटै स्वास्थ्य संस्थामा गर्भवती महिलाहरु गर्भ जाँच गर्न स्वास्थ्य संस्थामा कम्तीमा ८ पटक जाँच गर्नुपर्ने प्रोटोकल अनुसार गर्भ रहेको १२ हप्ता, १६ हप्ता, २० देखि २४ हप्ता, २८ हप्ता, ३२ हप्ता, ३४ हप्ता, ३६ हप्ता र ३८ देखि ४० हप्तामा गर्भ जाँच गराउने ।

| | |
|---|---|
| पहिलो भेट (१२ हप्तामा) | - १ क्रेक अण्डा |
| दोश्रो भेट (१६ हप्तामा) | - १ क्रेक अण्डा |
| तेश्रो भेट (२० देखि २४ हप्तामा) | - १ क्रेक अण्डा |
| चौथो भेट (२८ हप्तामा) | - १ क्रेक अण्डा |
| पाँचौं भेट (३२ हप्तामा) | - १ क्रेक अण्डा |
| छैठौं भेट (३४ हप्तामा) | - १ क्रेक अण्डा |
| सातौं भेट (३६ हप्तामा) | - १ क्रेक अण्डा |
| आठौं भेट (३८ देखि ४० हप्तामा) | - १ क्रेक अण्डा” राखिएको छ । |

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**